स्थानीय राजपत्र
कालिगण्डकी गाउँपालिका, गुल्मीद्धारा प्रकाशित
वर्ष ८ अंक ४, २०८१ साउन ११ गते शुक्रवार
भाग ३

कालिगण्डकी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०४/११
राजपत्रमा प्रकाशन मितिः २०८१/०४/११

**करारमा प्राविधिक र श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी(दोस्रो संशोधन) कार्यविधि,२०८१**

प्रस्तावनाः करारमा प्राविधिक र श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ उपदफा (४) मा र करारमा प्राविधिक र श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८० को दफा ४ उपदफा (३) क मा थप गर्न वाञ्छनीय भएकोले कालिगण्डकी गाउँपालिका कार्यपालिकाको निर्णयबाट यो कार्यविधि जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम करारमा प्राविधिक र श्रेणी विहिन कर्मचारी व्यवस्थापन सम्बन्धी ( दोस्रो संशोधन), कार्यविधि २०८१ हुनेछ।

२. **यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।**

३. **दफा** ४ को उपदफा ३(क) शैक्षिक योग्यता वापतको देहाय अनुसार ६० अंक दिइने छ ।

   **क.** सम्बन्धित पदको लागी आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेको भए एकमुष्ट ५ अंक

   **ख.** न्यूनतम शैक्षिक योग्यताको देहाय अनुसार बढीमा ५५ अंक

**अ.** विशिष्ट श्रेणीको ५५, प्रथम श्रेणीको ५०, दोस्रो श्रेणीको ४५ र तृतीय श्रेणीको ४० अंक (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा राख्ने)

**आ.** न्यूनतम शैक्षिक योग्यता नभई माथिल्लो शैक्षिक योग्यता मात्र प्राप्त गरेको उम्मेदवारको हकमा न्यूनतम शैक्षिक योग्यताको अंक गणना गर्दा माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा अंक निर्धारण गरिनेछ ।

४. यस कार्यविधिको दफा ८ उपदफा (४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनको लागी कुनैपनि दावि गर्न पाउने छैन तर कालिगण्डकी गाउँपालिकाको कुनैपनि सेवा समुह तथा कार्यक्रमको पदमा निश्चित प्रक्रिया पुरा गरी करार वा ज्यालादारीमा कार्यरत कुनै पनि प्राविधिक तथा श्रेणीविहिन कर्मचारीलाई गाउँपालिकाको अन्य कुनै सेवा समुहको पद वा माथिल्लो पदको लागी न्यूनतम योग्यता पुरा गरेको अवस्थामा त्यस्तो सेवा समुह वा सम्बन्धित सेवाको माथिल्लो पदमा गाउँकार्यपालिकाले पदस्थापन गर्न सक्नेछ ।

आज्ञाले
नरेश गिरी
प्रमुख प्रशासकीय अधिकृत